उद्यम विकास रणनीतिक योजना

तुलसीपुर उप–महानगरपालिका, दाङ

२०७५/०७६ देखि २०७९/०८० सम्म

तुलसीपुरउप–महानगरपालिकाको कार्यालय, दाङ

२०७५

नक्साहरु

प्रदेश नं ५ को नक्सा

दाङ जिल्लाको नक्सा

DANG DISTRICT
LAND UTILIZATION
SALYAN
ROLPA
BANKE
INDIA
KAPILBASTU
N
0 3.5 7 14 Kilometers
PURANDHARA
BAGMARE
SHANTINAGAR
PAVWANAGAR
TULISIPUR (M)
HALAWAR
BUJAURI
PANCHAKULE
DHANAURI
SHANGAUN
HEKULI
TARIGAUN
HAPUR
SAIGHA
MANPUR
GOLTAKALI
URHARI
NARAYANPUR
TUIBHUVAN NAGAR(M)
SYUJA
DHIKPUR
DURUWA
KABHRE
LOHARPANI
PHULBARI
SAUDIYAR
LAKSMIPUR
RAMPUR
DHARNA
HASIPUR
SATBARIYA
SONPUR
CHAILAHI
SISAHANIYA
ALMATIYA
RAJPUR
GANGA PARASPUR
GADHAWA
BELA
GOBARDIHA
KOILABAS
LEGEND:
International Boundary
District Boundary
VDC Boundary
Land Use (Topo 1:25000/50000)
Built_Up Area
Cultivated Land
Forest
Grass Land
Shrub Land
Sandy Area
Snow/Rocky Area
Nursery/Plantation
Land Slide
Water Body/Lakes
Barren Area
GIS UNIT, LGCDP/MLD, 2011

तुलसीपुर उप–महानगरपालिका



लघु उद्यम विकासको ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त झलक

प्रदेश नं	५	
अञ्चल	राप्ती	
जिल्ला	दाङ	
स्थानीय तह	तुलसीपुर उप–महानगरपालिका कार्यालय, दाङ	
कार्यक्रम अवधि	५ वर्ष (२०७५/०७६-२०७९/०८०)	
उद्यम किास कार्यान्वयनमा संलग्न हुने निकायहरु	✓ तुलसीपुर उप–महानगरपालिका कार्यालय, दाङ ✓ संघीय सरकार ✓ प्रदेह सरकार ✓ बिजौरी र तुलसीपुरउद्यो बाणिज्य संघहरु ✓ बैंक तथा बित्तीय संस्थाहरु ✓ सहकारीहरु ✓ गै. स.स तथा दातृ निकाय ✓ सामुदायिक वन उपभोक्ता समूहहरु	
प्राविधिक तथा आर्थिक सहयोग	**घरेलु तथा साना उद्योग कार्यालय, घोराही दाङ**	
कार्यक्रमले समेट्ने क्षेत्रहरु	तुलसीपुरउप–महानगरपालिकाका सबै १९वटा वडाहरुका सबै वस्तीहरु	
आवश्यक अनुमानित बजेट	**रु ३०,४२,३९,८५०.००**	
वित्तिय स्रोत	**बजेट प्राप्त हुने स्रोत तथा शिर्षकहरु :**	**अनुमानित बजेट**
	तुलसीपुर उप–महानगरपालिकाले केन्द्र तथा प्रदेश सरकार र आफ्नो बजेट समेत बाट ब्यहोर्ने	15,26,27,000
	तुलसीपुर उप–महानगरपालिकाकै कृषि, पशु, महिला तथा वालवालिका जस्ता शिर्षक बाट ब्यवस्था गर्ने	6,10,51,000
	घरेलु तथा साना उद्योग र मेडपा कार्यक्रमबाट	1,22,10,000
	सहकारीहरुबाट	3,05,25,000
	उप–महानगरपालिका क्षेत्रमा कार्यरत संघ संस्थाबाट	3,05,25,000
	अपुग रकम अन्य दातृ निकाय तथा NGO/INGO संग सहकार्यको लागी पहल गर्नु पर्ने रु	1,73,01,850
	जम्मा	30,42,39,850
५ बर्षमा सृजना हुने उद्यमीको संख्या	**६६७३**	
स्तरोननती गरिने उद्यमको संख्या	**४५१५**	

५ बर्षमा सृजना हुने रोजगारीको संख्या	**१४,५२६**
परिकल्पना	**" स्थानीय श्रोत, साधन र सीपको उपयोगबाट रोजगारीमा बृद्धि, तुलसीपुरउप–महानगरपालिका बिपन्न बर्गकोसमृद्धि"**
लक्ष	तुलसीपुरउप–महानगरपालिका को लघुउद्यम बिकास योजनाको मूल लक्ष्य भनेको नगरपालिका क्षेत्रमा छरिएर रहेका श्रोत तथा सीपमा आधारित लघु तथा घरेलु उद्यमहरुको स्थापना तथा विकास गरी थप ५९६२ बिपन्न नगरबासीको आयस्तरमा सुधार ल्याई जीवनस्तरमा सुधार ल्याउने हो: लक्षका सूचकहरु: ● योजनाको अन्त्य सम्ममा नयाँ उद्यम स्थापना गर्ने उद्यमीमध्दे ७० प्रतिसत उद्यमीको आयमा कम्तिमा पनि ६० प्रतिसतले बृद्धि भएको हुनेछ । ● लघु उद्यममा रोजगारी पाउँने मध्दे कम्तिमा पनि ६५ प्रतिसतको आयमा ६० प्रतिसतले बृद्धि भएको हुँने छ ● स्तरोन्नतीको सेवा पाएका मध्दे कम्तिमा पनि १५ प्रतिसत लघु उद्यमहरु साना उद्यममा परिणत भएका हुँनेछन
उद्देश्य	योयोजनाको मूल उदेश्य भनेको बिपन्न बर्गको समृद्धिका लागी तुलसीपुरउप–महानगरपालिकामा छरिएर रहेका परम्परागत सीप तथा स्रोत साधनको पहिचान गरि लघु घरेलु तथा साना उद्योगको स्थापना तथा स्तरोन्नति गरि थप रोजगारीको श्रृजना गरी विपन्न बर्गको जीवनस्तरमा सुधार ल्याउँने हुनेछ ।
मुख्य कार्यक्रमहरु	
१	बजार सर्भेषण, स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान
२	उद्यमशीलता विकासका लागि सामाजिक परिचालन
३	उद्यमशीलता विकास तालीम
४	प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने ।
५	वित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि
६	उपयुक्त प्रविधि सम्बन्धन विस्तार
७	मूल्य श्रृंखलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन,
८	व्यवसायिक परामर्श सेवा
९	मानवश्रोत व्यवस्थापन तथा संस्थागत विकास
१०	प्रविधिको विकास तथा प्रविधि ब्यवस्थापन
११	लघु उद्यमीहरुको लागि घुम्ति कोषको रुपमा उद्यम विकास कोषको ब्यवस्था

कृतज्ञता ज्ञापन

लघु उद्यम विकासको ५ बर्षे रणनीतिक योजना तर्जुमामा धेरै ब्यक्ति तथा संस्थाको सहयोग नभएको भए सफल हुने थिएन । तसर्थ सर्वप्रथम यो योजना तर्जुमाको सहजिकरण गर्ने अवसर हामीलाई प्रदान गर्नु भएकोमा तुलसीपुर उप–महानगरपालिकाका नगरप्रमुखश्री घनश्याम पाण्डेज्यू,नगर उपप्रमुख श्रीमती माया आचार्यज्यूर घरेलु तथा साना उद्योग कार्यालय घोराहकि प्रमुख उद्योग अधिकृत श्री बासुदेब रिजालज्यूर लघु उद्यम विकास कार्यक्रम क्षेत्रीय कार्यक्रम सहगोग कार्यालय घोराहीका प्रमुख श्री भिम बहादुर बिष्ट ज्यूलाई बिशेष धन्यवाद दिन चाहन्छौ। त्यसैगरी योजना तर्जुमाको चुस्त ब्यवस्थापन गरिदिनु भएकोमा तुलसीपुर उप–महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतश्रीटोपेन्द्र बहादुर के.सी.ज्यूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौ ।

यो योजना तर्जुमामा पुरा समय उपस्थित भै आफ्नो अमूल्य योगदान दिनुहुने सबै जन निर्वाचित प्रतिनिधिज्यूहरु लगायत सम्बन्धित बिषयगत निकायका कर्मचारीहरु तथा अन्य विविध समूहको प्रतिनिधित्व गर्नु हुने महानुभावहरु र बढो मेहेनेतका साथ घोराही उप–महानगरपालिकाका तहका विविध सूचनाहरु उपलब्ध गराई योजना तर्जुमालाई सहज बनाई दिनुहुने सरोकारवालाहरुलाई समेत धन्यवाद दिन चाहन्छौ ।

ग्रामिण युवा सरोकार केन्द्र

रुकुम तथा शंखमूल, काठमाण्डौ

बिषय सूचि

नक्साहरु 2

लघु उद्यम विकासको ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त झलक 5

कृतज्ञता ज्ञापन 7

बिषय सूचि 8

शब्द सङ्क्षेप 10

खण्ड - १: परिचय 11

१.१ उप-महानगरपालिकाको संक्षिप्त परिचय 11

१.२ उद्यम विकास रणनीतिक योजनाको औचित्य 12

१.३ उद्यम विकास रणनीतिक योजनाको उद्देश्य : 13

१.४ उद्यम विकासको रणनीतिक योजना तर्जुमा प्रकृया 14

१.५ उद्यम विकास रणनीतिक योजनाको संरचना 15

१.६ रणनीतिक योजना तर्जुमाका सीमाहरु: 16

खण्ड - २: वस्तुगत विवरण 16

२.१ तुलसीपुर उपमहानगरपालिकाको भौगोलिक अवस्था 16

२.२ जनसंख्या र सामाजिक परिवेश : 16

२.३ भौतिक पूर्वाधार 17

२.४ तुलसीपुर उपमहानगरपालिकाको आर्थिक गतिविधि 18

२.५ रोजगारीको अवस्था 18

२.६ उद्यम विकास सम्बन्धी सेवा प्रदायकहरु 18

२.८ उद्यम विकासका लागि विगतका प्रयास र उपलब्धीहरु (वर्तमान अवस्थाको विश्लेषण) 20

खण्ड ३: स्रोत साधन तथा बजार सर्भेक्षण र उद्यम विकासका अवसरहरुको आँकलन 21

३.१ बजारको अवस्था : 21

३.२ बजारिकरणका चुनौतीहरु: 27

३.३ श्रोत साधनको सम्भावना र उद्यम विकासका अवसरहरुको आँकलन 27

३.४ उद्यम विकासका चुनौती तथा समस्या बिश्लेषण: 49

खण्ड - ४ आगामी ५ बर्षको रणनीतिक योजना 54

४.१ पृष्ठभूमि 54

४.२ उद्यम विकास सम्बन्धी मुख्य सिद्धान्त तथा अवधारणा :(Key Principles and Approaches): 55

४.३ आगामी ५ बर्षको को परिकल्पना (Vision): 61

४.४ आगामी ५ बर्षको लक्ष (Goal): 64
४.५ आगामी ५ बर्षको उद्देश्य (Objective): 64
४.६ आगामी ५ बर्षमा निकाल्नै पर्ने नतीजाहरुको बिस्तृत योजना: 65
४.६.१ उद्यम र रोजगारी श्रृजना तथा लगानि र आय बृद्धि योजना : 65
४.६.२ उद्यमशिलता तथा सीप बिकास तालीम योजना: 88
४.६.३ लघु, घरेलु तथा साना उद्योगको स्तर उन्नति योजना: 88
४.६.४ वित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि पहुँच बृद्धि योजना: 90
४.६.५ मूल्य श्रृंखलाको विकास तथा बजार सँगको सम्बन्ध विकास र व्यवस्थापन 91
४.६.६ प्रबिधिको विकास तथा प्रविधि व्यवस्थापनयोजना: 93
४.७ प्रमुख कार्यक्रमहरुको परिमाणात्मक परिलक्ष्य र बजेट 94
४.८ आय व्यय बिबरण (आ.ब. २०७५/२०७६ देखी २०७९/२०८० सम्म) 101
४.९ तर्कबद्व योजना(Logical Framework) 103
केहि प्राविधिक सुझावहरु....113
४.१० जनशक्ति 113
खण्ड - ५ कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन 114
५.१ कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनका संरचनाहरु:.... 114
५.२ अनुगमन तथा मूल्याङ्कन 116
५.३ जिम्मेवारी तालिका 117
खण्ड ६ अनुसूचीहरु....119
६.१ लघु उद्यमी सृजना र विकास गर्ने क्रमिक प्रक्रिया.... 119
६५.२ लघु उद्यम विकास तथा प्रवर्द्धनका लागि सरकारका तर्फबाट भएका नीतिगत व्यवस्थाहरु :.... 120
६.३ सन्दर्भ सामाग्रीहरु : 120
६.३ गोष्ठीका सहभागीहरुको नाम: 120
गोष्ठीका केहि झलकहरु.... 123

शब्द सङ्क्षेप

जि.स.स:	जिल्ला समन्वय समिति
गा.पा/न.पा:	गाउँपालिका/नगरपालिका
MEDEP:(मेडेप)	Micro Enterprise Development Programme
उ.वि.शा:	उद्योग विकास शाखा
ल.उ.वि.को	लघु उद्यम विकास कोष
सा.ब.उ. महासंघ:	सामूदायीक वन उपभोक्ता महासंघ
मे.टन:	मेट्रिक टन
EDF	Enterprise Development Facilitator
MEDPA	Micro Enterprise DeveoLpment for Poverty Allevation
SIYB:	Start and Improve Your Business
MECD:	Micro Enterprise Creation and Development
B to B Linkage	Business to Business Linkage
MEGA	Micro Entreprenuer's Association
DMEGA	District Micro Enterprenuer's Group Association
EDC:	Enterprise Development Committee
EDP:	Enterprise Development Plan
गै.स.स:	गैर सरकारी संस्था
गा.बि(.स	गाउँ बिकास समिति
कि.मि	किलोमिटर
DBA	Data base Assistant
AFA	Admin and finance Assistant
RMC	

खण्ड - १: परिचय

१.१ उप-महानगरपालिकाको संक्षिप्त परिचय

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनरसंचना हुँदा ७ प्रदेश र ७५३ स्थानीय निकायमा विभाजन भए अनुसार तुलसीपुर उप-महानगरपालिका ५ नं प्रदेश अन्तर्गत दाङ्ग जिल्लामा पर्दछ । नेपाल सरकारको २०७३ साल फाल्गुन २२ गतेको निर्णयअनुसार साविक तुलसीपुर नगरपालिका, पवननगर गाविस, फुलवारी गाविस, डुरुवा गाविस, मानपुर गाविस र बिजौरी गा.वि.स. समायोजन भई तुलसीपुर उपमहानगरपालिकामा परिणत भएको हो । यस उप-महानगरपालिकामा हाल १९ वटा वडा रहेका छन् । तुलसीपुर उपमहानगरपालिका एक सुन्दर र प्राकृतिक छठाले भरिपूर्ण साथै महाभारत र चुरे पहाडको काखमा रहेको प्रचुर संभावनायुक्त उपमहानगरपालिका हो । यो प्रदेश नः ५ को केन्द्र भागमा अवस्थित रहेको छ । यस उपमहानगरपालिका नेपालको राजधानि काठमाण्डौंबाट ४५३ कि.मी. पश्चिम दिशामा अवस्थित रहेको छ ।

एसिया कै दोस्रो ठूलो उपत्यका दाङ उपत्यकाको पश्चिम भाग र केही पहाडी इलाकामा फैलिएर कुल ३८४.६३ बर्ग किलोमिटर क्षेत्रफलमा रहेको यस उपमहानगरपालिकाको पूर्वमा घोराही उपमहानगरपालिका, पश्चिममा शान्तिनगर गाउपालिका तथा दङ्गीशरण गाउपालिका, उत्तरमा सल्यान तथा रोल्पा जिल्ला र दक्षिणमा लमही नगरपालिकाले अवस्थित रहेका छन् । तुलसीपुर उपमहानगरपालिकाका ३१२३३ घरधुरीमा कूल जनसंख्या १४१५२८ रहेको छ। विविधतापूर्ण जातीय पहिचान रहेको तुलसीपुर उपमहानगरपालिकामा क्षेत्रि, ब्राम्हण, मगर, थारु, तामाङ्ग, नेवार, मुसलवान, कामि, यादव, राई, गुरुङ्ग, दमाई, सार्की, तेली, सन्यासी/दसनामि, वादी लगायतका जातहरुको वसोवास रहेको छ । यस उपमहानगरपालिकाको औसत पारिवारीक संख्या ४.५८ रहेको छ भने लैङ्गिक अनुपात ८७.७९ रहेको छ ।यहाँका बासिन्दाहरुको मुख्य भाषा नेपाली, थारु, नेवार, मगर, हिन्दी आदि रहेका छन् । यस उपमहानगरपालिकाको औसत साक्षरता प्रतिसत ७१.१८ रहेको छ भने पुरुष साक्षरता प्रतिसत ८०.४४ र महिला साक्षरता प्रतिसत ६३.२२ रहेको छ ।

सहभागीहरुबाट प्राप्त सूचना अनुसार यहाँका बासिन्दाको मूल आय श्रोत कृषि, व्यापार, बैदेसिक रोजगार, मजदुरी, नोकरीहुन् ।यस उपमहानगरपालिकामा ४२३३ घरधुरिवाट कम्तिमा एकजना वैदेशिक रोजगारीमा गएको देखिन्छ ।यो उपमहानगरपालिका भित्र वसोवास गर्ने उद्यमीहरु धान उत्पादन, तरकारी उत्पादन, दुध तथा मासु उत्पादन, मह उत्पादन, अदुवा वेसार उत्पादन, टमाटर उत्पादन, च्याउ उत्पादन, फलफुल खेतिमा संलग्न हुदै आएका छन् । यहाँका मानिसहरु बैदेशिक रोजगारीको लागि खाडिमुलुक, भारततथा अन्य मुलुकहरु कोरिया, जापान, युरोप, अमेरिका आदि देशहरुमा जाने गरेका छन् । यहाँका मनिसहरुले बैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई मूख्य रुपमा घरजग्गा, घरखर्च तथा विलासितामा खर्च गर्ने गरेका छन् भने केही बचत समेत गर्ने गरेको तथ्य रहेको देखिन्छ । यहाँको मानिसहरुको बैदेशिक रोजगारीबाट हुने आम्दानी जुन उत्पादन मुलक कार्यहरुमा खर्च हुन सकिरहेको छैन, लघु उद्यमको माध्यमबाट उत्पादनमुलक कार्यमा लगाउनु पर्ने देखिन्छ ।

स्थानीय स्तरमा बिभिन्न प्रकारका छरिएर रहेको श्रोत साधन, पूँजी र सीप भएर पनि सोको समुचित उपयोग हुन नसक्दा मूख्यतया यस नगरपालिकाको अन्य वडाको तुलनामा ग्रामिण क्षेत्रमा अलि बढी गरीवी रहेको पाइन्छ । परम्परागत सिपहरुको व्यवस्थापन हुन नसक्दा सिप तथा व्यवसायहरु लोप हुन थालेको आभास पाइन्छ । कृषिमा देखिएको जनशक्तिको खाँचो तथा घट्दै गएको खेतीयोग्य जमीनले पारेको नकारात्मक प्रभावलाई पनि न्यूनिकरण गर्नका लागि तथा स्थानीय शीप, विशेष शीप र कच्चापदार्थमा आधारीत लघु उद्यमको विकास गरी युवा जनशक्तिलाई स्थानीय स्तरमै रोजगारी सृजना गर्नका लागि लघु उद्यमको विकास गर्नु अत्यन्त आवश्यक रहेको छ ।

यस उपमहानगरपालिकामा पनि निश्चित समुदायमा सामाजिक र साँस्कृतिक विभेदहरु रहेको छ तर क्रमिक रुपमा घट्दै गएको पाइन्छ । यस नगरपालिकाका निश्चित जनता मूख्य रुपमा कृषिमा आधारित भएतापनि प्रति परिवार सरदर एकदम कम जमीन रहेको हुँदा निर्वाहमुखि कृषि प्रणालीबाट गरीव तथा विपन्न वर्गको जिविकोपार्जनमा समस्या देख्न सकिन्छ । तसर्थ त्यस्ता कृषकहरुलाई व्यावसायिक कृषकको रुपमा रुपान्तरित गर्नु अनिवार्य भैसकेको छ । त्यसैगरी वन पैदावारमा आधारित परम्परागत सीप र प्रविधिलाई अधिकतम् उपयोगको बातावरण तैयार गरी यस क्षेत्रको जिविकोपार्जनलाई लघु उद्यमको माध्यमबाट थप सहज वनाउनु पर्ने खाँचो छ ।

माथिका सान्दर्भिक तथ्य तथा अवधारणा बमोजिम उपमहानगरपालिकाको अगुवाईमा लघु उद्यम विकासको मोडलको सफलतालाई एकाकार गर्दै उद्यम विकास क्षेत्रको रणनीतिक योजना तर्जुमा गर्न बाञ्छनीय भएको हुँदा यो ५ वर्षे उद्यम विकास योजना (२०७५/०७६ -२०७९/०८०) तैयार गरिएको हो ।

१.२ उद्यम विकास रणनीतिक योजनाको औचित्य

नेपालको संविधान २०७२ कार्यान्वयनका सिलसिलामा प्राय: सबै निर्बाचित जनप्रतिनिधिहरुले ***अबको बाटो जनताको सम्बृद्धिको पाटो*** भनी जनसमक्ष बाचा गरेका छन् र ७५३ वटै स्थानीय तहहरुको गठन भैसकेको छ । स्थानीय तहलाई संविधानले प्रदान गरेका विभिन्न २२ अधिकारमध्ये (अनुसूचि ८) अधिकार नं २,१०,१५र १८ ले जनताको सम्बृद्धिलाई बढी जोड दिएको छ । कृषि, वन, पशु सेवा, घरेलु जस्ता निकायहरु स्थानीय निकायको मातहतमा राखिएकाले जनताको सम्बृद्धिमा योगदानका सेवाहरुलाई जनताकै घरदैलो नजिक ल्याएकोले पनि संविधानले जनताको सम्बृद्धिलाई बिशेष जोड दिएको पाईन्छ ।

स्थानीय तह संचालन ऐन २९७४ तथा औद्योगीक ब्यसाय ऐन २०७३ अनुसार आ-आफ्नै तरिकाले छुट्टा छुट्टै ढंगले कार्य संचालन गर्दा स्थानीय स्तरमा उपलब्ध श्रोत साधनले दिनुपर्ने जति नतीजा दिन नसकिरहेको अवस्था भएको हुँदा श्रोत सम्भाव्यताअध्ययन, सामाजिक परिचालन, उद्यमशिलताको विकास, प्राविधिक सीप, लघु कर्जामापहुँच, बजारीकरण, उपयुक्तप्रविधि, वस्तु विविधीकरण, गुणस्तर नियन्त्रण एवं आवश्यक व्यावसायिक परामर्शजस्ता क्षेत्रहरु समेटिएको एकीकृत लघु उद्यम विकासको मोडेल (मेड मोडेल) लाई अवलम्बन गरी स्थानिय विकासको आवधिक योजना र नेपाल सरकार उद्योग मन्त्रालयको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको निर्देशिका २०७० र ५ वर्षे दोश्रो रणनितिक योजना, (२०७५/०७६-२०७७९/०८०) मा एकाकार गराउनु यस उद्यम विकास (रणनीतिक) योजनाको ठूलो औचित्य छ ।

लघु उद्यम विकास कार्यक्रमका निम्न बिशेषताहरुले गर्दा एउटा सफल कार्यक्रमको रुपमा मानिएकाले यसको रणनीतिक योजना तर्जुमाको औचित्यलाई थपसावित गर्दछ:

- ★ महिला, दलित, आदिवासी जनजाती, कम आयभएका बेरोजगार युवाहरु र अन्य पछि परेका समुदायहरुको गरिव परिवारहरुलाई लक्षित गरेको छ ।
- ★ लक्षित वर्गको उद्यमशीलता विकासद्वारा लघु उद्यमी सृजना गर्दछ । उद्यमीको क्षमता अभिवृद्धि भए पश्चात उद्यमीले जुन सुकै क्षेत्रमा यथासम्भव उद्यम विकास गर्दछ ।

★ लक्षित वर्गहरु गरिवीको रेखामुनि भएकाले उनीहरुलाई उद्यमी वनाउन आवश्यक सेवाहरु एकीकृत रुपमा प्रदान गर्दछ । जस्तै:

- सामाजिक परिचालन
- उद्यमशीलता विकास
- वस्तु बजारीकरणको लागि संजाल निर्माण
- प्राविधिक सिप विकास
- उपयुक्त प्रविधि विकास तथा हस्तान्तरण
- लघु-वित्त सेवामा पहुँच
- बजार संजालमा आबद्ध र व्यवसाय परामर्श सेवा

★ लक्षित वर्गलाई तालिम मात्र दिदैन, अन्त्यमा उद्यमी नै बनाउँछ ।

★ समावेशी सिद्धान्त अपनाउँछ ।

★ समुदाय/वस्तीहरुमा उद्यमशीलता संस्कारको विकास गर्दछ ।

★ स्थानीय स्तरमा उपलव्ध तर खेर गैरहेका श्रोत साधनको सदुपयोग गर्दै लघु उद्यमीको प्रवर्द्धन गर्दछ ।

★ स्थानीय स्तरमा उपलब्ध तर लोप हुँदै गैरहेको शीप, ज्ञान र प्रविधिलाई प्रवर्द्धन, परिमार्जन र सुधार गरी लघु उद्यम सृजना गर्दछ ।

उद्यम विकास योजनाको औचित्यलाई निम्न अनुसार थप प्रष्ट पार्न सकिन्छ :

- नगरपालिका क्षेत्रमा उपलव्ध श्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै आवश्यकता पर्दछ ।
- ग्रामीण गरीवी घटाउन लघु उद्यम, घरेलुतथा साना उद्यमहरुकोमाध्यमबाट रोजगारी श्रजृना गर्न ठूलो भूमिका हुन्छ । तसर्थ यसका लागि विस्तृत योजनाको आवश्यकता रहन्छ ।
- छरिएर रहेका श्रोत साधनलाई अभिलेख बनाई व्यवस्थितरुपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न यसको आवश्यकता रहेको छ ।
- नगर विकास योजनाले पूर्वाधार तथा परम्परागत पूर्वाधारलाई बढी जोड दिएको अवस्थामा नगर उद्यम विकास योजनाले लघु उद्यम प्रवर्द्धन, विस्तार, प्रशोधन, भण्डारण तथा बजारिकरणकालागि उपयुक्त श्रोत र साधनको पक्षमा योजना बनाउने र परिचालन गर्नुपर्नेहुन्छ ।
- नगरपालिकाले बनाएको योजनाभित्र उद्यम विकास सानो अंश देखिने र दातृ सस्थां, स्थानीय निकाय र साझेदार संस्थाहरुबाट प्राप्त हुनसक्ने सहयोगका लागि विस्तृत खाका चाहिने हुँदा उद्यम विकास योजनाले यो आवश्यकतालाई पूर्ति गर्दछ ।
- उद्यम विकास योजनाले दीर्घकालीन रणनीति बनाई श्रोत साधनको प्रक्षेपण गर्दछ ।

१.३ उद्यम विकास रणनीतिक योजनाको उद्देश्य :

उद्यम विकास योजना तर्जुमाको मूल उद्देश्य भनेको नगरपालिकामा देखिएको लघु उद्यम प्रवर्द्धनका संभावनालाई रणनैतिक हिसाबले सम्बोधन गरी लक्षित वर्गमा खास गरी गरिवीको रेखामुनि रहेका नगरबासी जो सामाजिक रूपले बहिष्कृत र आर्थिक रूपले सीमान्तकृत समूहमा छन्, लघु उद्यम विकासको माध्यमबाट

रोजगारीको अवसरको सिर्जना र आयस्तर वृद्धि गर्न यो एकिकृत रणनीति तैयार गर्नु हो । तसर्थ स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी मागमा आधारित उत्पादन तथा सेवाहरूको विकासद्वारा गरिवी न्यूनिकरण गर्न एक रणनीतिको आवश्यकता पर्न गएकोले स्थानीय सीप र स्रोतको उपयोग गर्न सकिने सम्भावनाले सारभूत आर्थिक परिवर्तन गर्न सकिने र युवा रोजगार सिर्जना गर्न सकिने हुँदा उत्पादक जनशक्ति नगरपालिकामा रहँदा नगरपालिकाको अन्य विकासमा समेत टेवा पुग्ने भएकाले पनि यो उद्यम विकास (रणनीतिक) योजना तैयार गर्नु यसको उद्देश्य हो । यस योजनाका थप उद्देश्यहरु निम्न अनुसार रहेका छन्:

१. स्थानीय तहका सबै सेवा प्रदायकहरूको समान बुझाई र कार्यगत एकता कायम गर्ने ।
२. आवश्यक स्रोत साधनको पूर्व अनुमान गरी सो अनुकूलको व्यवस्था मिलाउने ।
३. लघु, घरेलु तथा साना उद्यमको थप सम्भावनाहरूको पहिचान गर्ने ।
४. सेवा प्रदायकहरूबीच कार्यगत एकता र समन्वय कायम राख्ने ।
५. सबै सेवा प्रदायकहरूको लघु, घरेलु तथा साना उद्यम विकाससम्बन्धि प्रतिबद्धता कायम गर्ने ।
६. योजना तर्जुमा, नीति निर्माण, समन्वय, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्यहरूमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको संयुक्त तत्परता बढाउने ।
७. उद्यम विकासका क्षेत्रमा लगानीमा दोहोरोपना हटाउने ।
८. स्थानीय श्रोत साधनको परिचालनबाट मागमा आधारित बढी भन्दा बढी व्यवसाय सञ्चालन गरी नगरबासी बेरोजगारी न्यूनीकरण गर्न सबै सेवा प्रदायकको प्रयासलाई एकजुट गर्ने ।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयन र अन्य विषयगत कार्यालय, दातृ निकाय तथा साझेदार संस्थाहरुमा पनि यस मोडललाई आन्तरिकीकरण गर्न पनि यो पाँच वर्षे उद्यम विकास योजना तैयार गर्न आवश्यक परेको हो जस्तै:

- ग्रामीण तथा शहरी भेगमा उपलव्ध श्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै आवश्यकता पर्दछ ।
- ग्रामीण तथा शहरी गरीवी घटाउन लघु उद्यम, घरेलुतथा साना उद्यमहरुकोमाध्यमबाट रोजगारी श्रृजना गर्न ठूलो भूमिका हुन्छ । तसर्थ यसका लागि विस्तृत योजनाको आवश्यकता रहन्छ ।
- छरिएर रहेका श्रोत साधनलाई अभिलेख बनाई व्यवस्थितरुपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न यसको आवश्यकता रहेको छ ।
- नगरपालिकाले बनाएको योजनाभित्र उद्यम विकास सानो अंश देखिने र दातृ सस्था, स्थानीय निकाय र साझेदार संस्थाहरुबाट प्राप्त हुनसक्ने सहयोगका लागि विस्तृत खाका चाहिने हुँदा उद्यम विकास योजनाले यो आवश्यकतालाई पूर्ति गर्दछ ।

१.४ उद्यम विकासको रणनीतिक योजना तर्जुमा प्रकृया

लघु उद्यमको रणनीतिक योजना तर्जुमामा निम्न प्रकृयाहरु अपनाईएको थियो:

क) विज्ञ सहजकर्ताको छनौट :

यस विषयको विज्ञ सेवा प्रदान गर्न ग्रामिण युवा सरोकार केन्द्रलाईछनौट गरी घरेलु तथा साना उद्योग कार्यालय र उत्त केन्द्र बिच सम्झौता भएको हो ।

ख)योजना तर्जुमा गोष्ठी :

लघु उद्यम सम्बन्धि सेवा प्रदायक संस्थाहरु, तुलसीपुरउप–महानगरपालिकाका निर्बाचित पदाधिकारी, लघु वित्त संस्थाहरु, सहकारीका प्रतिनिधीहरु, सम्बन्धित कार्यालय प्रतिनीधिहरु, लघु उद्यमीहरु सहाभागी सहित ६० जना सहभागीहरुको उपस्थितिमा मिति २०७५जेष्ठ४र ५ गते दुई दिने योजना तर्जुमा गोष्ठी सम्पन्न भयो । सो गोष्ठीमा परामर्शदाता सूर्य प्रसाद नेपाल तथा विकास ज्ञवालीको सहजीकरणमा यस घोराही उप–महानगरपालिका भित्रको लघुउद्यमका वर्तमान अवस्था, उपलव्ध कच्चा पदार्थको अवस्था, वजारिकरणका चुनौती, लघुउद्यमका समस्या, चुनौती, अव लिनुपर्ने रणनीतिक योजना, परिकल्पना, लक्ष, उद्देश्य, क्रियाकलापहरु, नयाँ उद्यमीको सिर्जना, सीप विकास तालिम लगायत विषयहरुमा ब्यापक छलफल गरी योजनाको मार्गचित्र तैयार गर्न स्थानीय व्यक्तिहरु तथा सरोकारवालाहरुद्धारा सहभागितामूलकरुपमा आफ्नो योजना आफै वनाउने प्रजातान्त्रिक पद्धतिलाई अवलम्वन गरिएको थियो ।

ग) योजना तर्जुमा समन्वय उप समिति गठन :

यस उद्देश्यको लागि निम्न अनुसारका ब्यत्तीहरु रहनेगरी योजना तर्जुमा समन्वय उप समिति बनाईएको थियोः

- संयोजक- माधव ओली, वार्ड नम्वर १८, अध्यक्ष
- सदस्य- ललित बहादुर घर्ती, बरिष्ठ वित्तीय अधिकृत
- सदस्य- परशुनारायण चौधरी, वार्ड १४, अध्यक्ष
- सदस्य-जानका रेग्मी, कार्यपालिका सदस्य
- सदस्य-रुप बहादुर खत्री, महासचिव, तुलसीपुर उद्योग बाणिज्य संघ

घ) मस्यौदा प्रतिवेदन प्रस्तुतः

उप–महानगरपालिकाकानगरप्रमुख तथा कार्यकारी अधिकृतसँगको समन्वय तथा उपसमितिबाट प्राप्त सुझाव तथा गोष्ठीका सहजकर्ताको प्रतिवेदनको आधारमा मस्यौदाकोप्रतिवेदन तयार गरी मिति २०७५ जेष्ठ. १५ मा घरेलु तथा साना उद्योग कार्यालय र उप–महानगरपालिकामा पठाएको हो ।

ङ मस्यौदाको प्रतिवेदन माथीको छलफल र अन्तिम प्रतिवेदन प्रस्तुतः

अधिकांस योजना तर्जुमा गोष्ठीका सहभागीहरु उपस्थित भएको १ दिने कार्यशालामा मिति २०७५ जेष्ठ २१ मा मस्यौदाको प्रतिवेदन माथी छलफल भै आएको सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन तुलसीपुरउप–महानगरपालिका र घरेलु तथा साना उद्योग कार्यालय, घोराहीमाप्रस्तुत गरियो ।

१.५ उद्यम विकास रणनीतिक योजनाको संरचना

यस योजना तर्जुमा प्रतिवेदनले ६ वटा खण्डमा गरी प्रतिवेदनलाई मूर्तरुप दिएको छ । जस अन्तर्गत खण्ड १ पृष्ठभूमिमा छोटकरी परिचय, नगर उद्यम विकास रणनीतिक योजनाको उद्देश्य, औचित्य, प्रकृया समावेश गरिएको छ भने खण्ड २ अन्तर्गत वस्तुगत विश्लेषण, खण्ड ३मा बजार तथा श्रोत साधनको बिश्लेषण, खण्ड ४ अन्तर्गत उद्यम विकास रणनीतिक योजनाको विस्तृत विवरण, खण्ड ५ मा अनुगमन तथा मूल्याङ्कनका प्रकिया वारे प्रस्तुत गरिएको छ भने खण्ड ६ मा अनुसुचीहरु समावेश गरिएको छ ।

१.६ रणनीतिक योजना तर्जुमाका सीमाहरुः

- योजना तर्जुमा आफैमा जटिल कार्य हो । यसका लागि स्थानीय तहको अद्यावधिक प्रोफाईल चहिन्छ तर भरखरैमात्र स्थानीय तहको गठन भएको हुदा प्रोफाईल अद्यावधिक भै नसक्दा गोष्ठीका सहभागिहरुबाट पाईएको सूचना र अन्य Secondary Information लाई आधार मानेर सूचनाहरु समावेश गरिएको छ । तर प्रोफाईल तयार भएकाको हकमा त्यसैलाई आधार मनिएको छ ।
- उपलब्ध सीमित श्रोतका कारण बजार, श्रोत साधन र संभाब्य उद्यमहरुको आकलन गोष्ठीबाटै गराईएको छ ।
- उद्यम विकास सम्बन्धि गरेका उपलब्धिहरुको यथार्थ डाटा पाउन जटील भएको ।

खण्ड - २: वस्तुगत विवरण

२.१ तुलसीपुर उपमहानगरपालिकाको भौगोलिक अवस्था

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनरसंचना हुँदा ७ प्रदेश र ७५३ स्थानीय निकायमा विभाजन भए अनुसार तुलसीपुर उप-महानगरपालिका ५ नं प्रदेश अन्तर्गत दाङ्ग जिल्लामा पर्दछ । नेपाल सरकारको २०७३ साल फाल्गुन २२ गतेको निर्णयअनुसार साविक तुलसीपुर नगरपालिका, पवननगर गाविस, फुलवारी गाविस, डुरुवा गाविस, मानपुर गाविस र बिजौरी गा.वि.स. समायोजन भई तुलसीपुर उपमहानगरपालिकामा परिणत भएको हो । यस उप-महानगरपालिकामा हाल १९ वटा वडा रहेका छन् । तुलसीपुर उपमहानगरपालिका एक सुन्दर र प्राकृतिक छठाले भरिपूर्ण साथै महाभारत र चुरे पहाडको काखमा रहेको प्रचुर संभावनायुक्त उपमहानगरपालिका हो । यो प्रदेश नः ५ को केन्द्र भागमा अवस्थित रहेको छ । यस उपमहानगरपालिका नेपालको राजधानि काठमाण्डौंबाट ४५३ कि.मी. पश्चिम दिशामा अवस्थित रहेको छ ।
एसिया कै दोस्रो ठूलो उपत्यका दाङ उपत्यकाको पश्चिम भाग र केही पहाडी इलाकामा फैलिएर कुल ३८४.६३ बर्ग किलोमिटर क्षेत्रफलमा रहेको यस उपमहानगरपालिकाको पूर्वमा घोराही उपमहानगरपालिका, पश्चिममा शान्तिनगर गाउपालिका तथा दङ्गीशरण गाउपालिका, उत्तरमा सल्यान तथा रोल्पा जिल्ला र दक्षिणमा लमही नगरपालिकाले अवस्थित रहेका छन् ।

२.२ जनसंख्या र सामाजिक परिवेश :

एसिया कै दोस्रो ठूलो उपत्यका दाङ उपत्यकाको पश्चिम भाग र केही पहाडी इलाकामा फैलिएर कुल ३८४.६३ बर्ग किलोमिटर क्षेत्रफलमा रहेको यस उपमहानगरपालिकाको पूर्वमा घोराही उपमहानगरपालिका, पश्चिममा शान्तिनगर गाउपालिका तथा दङ्गीशरण गाउपालिका, उत्तरमा सल्यान तथा रोल्पा जिल्ला र दक्षिणमा लमही नगरपालिकाले अवस्थित रहेका छन् । तुलसीपुर उपमहानगरपालिकाका ३१२३३ घरधुरीमा कूल जनसंख्या १४१५२८ रहेको छ। विविधतापूर्ण जातीय पहिचान रहेको तुलसीपुर उपमहानगरपालिकामा क्षेत्रि, ब्राम्हण, मगर, थारु, तामाङ्ग, नेवार, मुसलवान, कामि, यादव, राई, गुरुङ्ग, दमाई, सार्की, तेली, सन्यासी/दसनामि, वादी लगायतका जातहरुको वसोवास रहेको छ । यस उपमहानगरपालिकाको औसत पारिवारीक संख्या ४.५८ रहेको छ भने लैङ्गिक अनुपात ८७.७९ रहेको छ ।यहाँका बासिन्दाहरुको मुख्य भाषा नेपाली, थारु, नेवार, मगर, हिन्दी आदि रहेका छन् । यस उपमहानगरपालिकाको औसत साक्षरता प्रतिसत ७१.१८ रहेको छ भने पुरुष साक्षरता प्रतिसत ८०.४४ र महिला साक्षरता प्रतिसत ६३.२२ रहेको छ ।

टेवल १: तुलसीपुर उपमहानगरपालिकाको वडागतरुपमा जनसंख्या विवरणः

वडा	परिवार संख्या	जनसंख्या		
		महिला	पुरुष	जम्मा
१	९९३	२३९९	१९६२	४३६१
२	९०५	२२२३	२०८९	४३१२
३	१६६३	३९८५	३४९४	७४७९
४	१८१६	४४७९	३६४७	८१२६
५	२७८६	५८८७	५७६१	११६४८
६	३३१३	६६६८	६३०१	१२९६९
७	२४२५	५८१७	५००५	१०८१७
८	१२२९	२८९३	२७४८	५६४१
९	११६९	२५८५	२३४०	४९२५
१०	१३३७	३४८०	३०१७	६४९७
११	१७९४	४६००	४०६१	८६६१
१२	१७७१	४५९१	४२४७	८८३८
१३	१२२७	२९६७	२५२२	५४८९
१४	१२६६	३२५९	२७८१	६०४०
१५	१४६९	३७६१	३१७८	६९३९
१६	१५३५	४०४९	३५५४	७६०३
१७	१५५३	३८८९	३३७२	७२६१
१८	१६५७	३९९५	३६७६	७६७१
१९	१३२५	३३३१	२९२०	६२५१
जम्मा	**३१२३३**	**७४८५३**	**६६६७५**	**१४१५२८**

श्रोतः केन्द्रिय तथ्याङ्क विभाग

धार्मिक अवस्थाः सहभागीहरुबाट प्राप्त विवरण अनुसार बहुसंख्यक नागरिक हिन्दु धर्म मान्ने भएता पनि ईसाई, इस्लाम तथा अन्य धर्म मान्ने मानिसहरु पनि यहाँ वसोवास गर्दछन् । यसबाट धार्मिक तथा सांस्कृतिक विविवधतामा विविध आयामहरु भएको तथ्य पुष्टि हुन्छ ।

सांस्कृतिक तथा पर्यटकीय अवस्थाः यस उपमहानगरपालिकामा विभिन्न देवदेविका मठ मन्दिर रहेका छन् ।

कृष्ण मन्दिर, दोघरे, त्रिसिद्धेश्वरी मन्दिर, तुलसीपुर, राधाकृष्ण मन्दिर, रतननाथ मन्दिर तुलसीपुर, शिवमन्दिर डाडापातु शिवनगर जस्ता धार्मिक, ऐतिहासिक र पर्यटकिय महत्व बोकेका मन्दिर रहेका छन् भने साततले झरना, चमेरे गुफा, राप्ती शान्ति पाक, हिमाल दृश्याबलोकनका लागि थरकोट, छिल्लीकोट, गौरीगाउ ताल, मुलकोट, दगिशरण दरवारका कारण आन्तरिक तथा बाह्य पर्यटनको धेरै नै सम्भावना रहेको पाईन्छ ।

२.३ भौतिक पूर्वाधार

यस उपमहानगरपालिकामा २४१४४ घरधुरी आफ्नै घरमा बसोवास गर्दछन् भने २०६८७ घरधुरि भाडामा बस्दै आएका छन् । यस उपमहानगरपालिकामा अधिकांह घरहरु माटो तथा इट्टाले निर्माण गरिएका छन् । यहाका अधिमाकांह जनता धाराको पानीमा खानेपानीको लागि आश्रित छन् भने कुवाको प्रयोग पनि उल्लेखनिय संख्यामा रहेको पाइन्छ । अधिकांश परिवारले खाना पकाउन दाउराको प्रयोग गर्ने गरेको देखिन्छ भने प्रकाशको लागि विद्युतको प्रयोग गरेको पाइन्छ ।

२.४ तुलसीपुरउपमहानगरपालिकाको आर्थिक गतिविधि

सहभागीहरुबाट प्राप्त सूचना अनुसार यहाँका बासिन्दाको मूल आय श्रोत कृषि, व्यापार, बैदेसिक रोजगार, मजदुरी, नोकरी हुन् । यो उपमहानगरपालिका भित्र वसोवास गर्ने उद्यमीहरु धान उत्पादन, तरकारी उत्पादन, दुध तथा मासु उत्पादन, मह उत्पादन, अदुवा वेसार उत्पादन, टमाटर उत्पादन, च्याउ उत्पादन, फलफुल खेतिमा संलग्न हुदै आएका छन् । यहाँको मानिसहरुको बैदेशिक रोजगारीबाट हुने आम्दानी जुन उत्पादन मुलक कार्यहरुमा खर्च हुन सकिरहेको छैन, लघु उद्यमको माध्यमबाट उत्पादनमुलक कार्यमा लगाउनु पर्ने देखिन्छ ।

स्थानीय स्तरमा बिभिन्न प्रकारका छरिएर रहेको श्रोत साधन, पूँजी र सीप भएर पनि सोको समुचित उपयोग हुन नसक्दा मूख्यतया यस नगरपालिकाको अन्य वडाको तुलनामा ग्रामिण क्षेत्रमा अलि बढी गरीवी रहेको पाइन्छ । परम्परागत सिपहरुको ब्यवस्थापन हुन नसक्दा सिप तथा ब्यवसायहरु लोप हुन थालेको आभास पाइन्छ । कृषिमा देखिएको जनशक्तिको खाँचो तथा घट्दै गएको खेतीयोग्य जमीनले पारेको नकारात्मक प्रभावलाई पनि न्यूनिकरण गर्नका लागि तथा स्थानीय शीप, विशेष शीप र कच्चापदार्थमा आधारीत लघु उद्यमको विकास गरी युवा जनशक्तिलाई स्थानीय स्तरमै रोजगारी सृजना गर्नका लागि लघु उद्यमको विकास गर्नु अत्यन्त आवश्यक रहेको छ ।

यस उपमहानगरपालिकामा पनि निश्चित समुदायमा सामाजिक र साँस्कृतिक विभेदहरु रहेको छ तर क्रमिक रुपमा घट्दै गएको पाइन्छ । यस नगरपालिकाका निश्चित जनता मूख्य रुपमा कृषिमा आधारित भएतापनि प्रति परिवार सरदर एकदम कम जमीन रहेको हुँदा निर्वाहमुखि कृषि प्रणालीबाट गरीव तथा विपन्न वर्गको जिविकोपार्जनमा समस्या देख्न सकिन्छ । तसर्थ त्यस्ता कृषकहरुलाई व्यावसायिक कृषकको रुपमा रुपान्तरित गर्नु अनिवार्य भैसकेको छ । त्यसैगरी वन पैदावारमा आधारित परम्परागत सीप र प्रविधिलाई अधिकतम् उपयोगको बातावरण तैयार गरी यस क्षेत्रको जिविकोपार्जनलाई लघु उद्यमको माध्यमबाट थप सहज वनाउनु पर्ने खाँचो छ ।

२.५ रोजगारीको अवस्था

यहाँका मानिसहरु बैदेशिक रोजगारीको लागि खाडिमुलुक, भारततथा अन्य मुलुकहरु कोरिया, जापान, युरोप, अमेरिका आदि देशहरुमा जाने गरेका छन् । यस उपमहानगरपालिकामा ४२३३ घरधुरिवाट कम्तिमा एकजना वैदेशिक रोजगारीमा गएको देखिन्छ । यहाँका मनिसहरुले बैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई मूख्य रुपमा घरजग्गा, घरखर्च तथा विलासितामा खर्च गर्ने गरेका छन् भने केही बचत समेत गर्ने गरेको तथ्य रहेको देखिन्छ । यहाँको मानिसहरुको बैदेशिक रोजगारीबाट हुने आम्दानी जुन उत्पादन मुलक कार्यहरुमा खर्च हुन सकिरहेको छैन, लघु उद्यमको माध्यमबाट उत्पादनमुलक कार्यमा लगाउनु पर्ने देखिन्छ ।

२.६उद्यम विकास सम्बन्धी सेवा प्रदायकहरु

यो तुलसिपु उप–महानगरपालिकामाकार्यरत सरोकारवालाहरु र संघसंस्थाहरु नक्साङ्कन, श्रोत तथा सेवाको विवरण :

२.६. क) सरोकारवाला तथा संघसंस्थाहरुको नक्साङ्कन



टेवल ३श्रोत तथा सेवा विवरण :

सि. नं	सरोकारवाला तथा संघसंस्थाको नाम	संख्या	उपलब्ध सेवा
१	तुलसीपुरउपमहानगरपालिका	१	समन्वय, व्यवस्थापन, कार्यान्वयन, बजेट, सामाजिक परिचालन आदी
२	केन्द्रिय सरकार	१	बजेट र नीति नियममा सहजिकरण
३	प्रदेश सरकार	१	बजेट र नीति नियममा सहजिकरण
४	घरेलु तथा साना उद्योग कार्यालय, घोराही		उद्योग प्रशासन, आर्थिक तथा प्रबिधिक सहयोग
५	बचत समुह	१	बचत तथा ऋण लगानी
६	बैंक तथा वित्तिय संस्था		बचत तथा ऋण लगानी
७	सहकारी ...		बचत तथा ऋण लगानी
८	सामुदायिक वन उपभोत्ता महासंघ		वन, आयआर्जन र ऋण
९	NGO/INGO		गरीवी निवारण कार्यक्रम

१०	उद्योग वाणिज्य संघ		उद्यमीको हक हीतको संरक्षण
११	अन्य दातृ निकाय		आर्थिक सहयोग

२.८उद्यम विकासका लागिविगतका प्रयास र उपलब्धीहरु (वर्तमान अवस्थाको विश्लेषण)

मेडेपबाट प्राप्त बिबरण अनुसार हाल सम्म मेडेप र मेडपा गरी यस उप–महानगरपालिका भित्र निम्न अनुसारका उद्यमहरु स्थापना भएका छन ।

टेवल ४: उद्यमहरुको विवरण:

सि.नं	उद्यमको प्रकार	संख्या	लगानी रु	बार्षिक कारोवार
१	बासको सामग्री उत्पादन	९	३१५६५.७०	४३९६५०
२	मौरी पालन	९५	९७२३१३.९०	९०४२९७०
३	धागो उत्पादन	३४	१८२७०	६२२०७००
४	खाद्य प्रसोधन	८९	७६६९४५	४५१६९४०
५	धुप उत्पादन	२६	६७१३१.४०	२७१०२७८
६	दुना टपरी उत्पादन	१७	१८१०००	
७	पशुपालन	७०	७८४१३८.७०	९३३३८६५
८	गैरकाष्ठ उत्पादन	८	२८०५८.४०	२४००००
९	कुखुरा पालन	४	८७०००	४८३५०००
१०	तरकारी उत्पादन र बजारीकरण	२२५	२९८८६९३.७०	३६९०६२६२
११	अन्य	३	१०५२१.९०	२०३५२५
१२	परिचय नखुलेको	५	१७५३६.५०	४०८९२६
१३	कला	१५	५२६०९.५०	६२७२४४
१४	झोला उत्पादन	१०	३५०७३	१२३४२७२
१५	फलामको काम	७	३५०७.३०	२२९६८३५
१६	मैनवत्ति उत्पादन	२६	९११८९.८०	१२१२१०४
१७	होजियारी	११	३८५८०.३०	१०२१७५१
१८	मुढा उत्पादन	६	२१०४३.८०	९५६३५३
१९	खुद्धा व्यापार	१	३५०७.३०	११२२८०
२०	टेलरिङ्ग	९९	१५०६५७५.२०	१७१२४५६६
२१	होटल एण्ड लज	२	७०१४.६०	१३५५४८
	कुल	७९२	७७१२२७६.३०	९९५८००६९

खण्ड ३: स्रोत साधन तथा बजार सर्भेक्षण र उद्यम विकासका अवसरहरुको आँकलन

३.१ बजारको अवस्था :

लघु उद्यमहरु सामान्यतया उद्यमीलाई बढी फाइदा र दीगोपनाको लागि उद्यमीहरूको माग, बजारको सम्भाब्यता र कच्चा पदार्थको उपलब्धता जस्ता ३ वटा महत्वपूर्ण पक्षको सन्तुलनलाई ध्यान दिएर कार्य गर्दछ । तसर्थ बजार भनेको उद्यमहरुको प्राण हो । स्रोत मात्र भएर पुग्दैन, सीप पनि चाहिन्छ र श्रोत र सीपले मात्र पुग्दैन बजारमा माग चाहिन्छ । तसर्थ लघु उद्यमको विकासमा बजारको ठूलो भुमिका भएको हुँदा योजना तर्जुमा गोष्ठीबाट उपलब्ध सूचना तथा श्रोत सर्भेक्षणका आधारमा नगर भित्र वा पायक पर्ने स्थानहरुको पहिचान गर्ने जमर्को गरेको छ ।

टेवल ५: बजारको अवस्था

वार्ड नं	पायक पर्ने बजारहरुको नाम	पायक पर्ने बस्तीहरु	आवत जावत गर्ने माध्यम	बस्ती अनुसारको दुरी	बजारमा आयात हुँने बस्तुहरु	बजारबाट निर्यात हुँने बस्तुहरु	निर्यात भएर जाँने स्थान
१	घिमिरे चोक	पोखरी पशुपति टोल	पैदल	१ कि.मि	अन्न वाली	खाने तेल	खाद्यान्न
	सोनपुर	सोनपुर धारापानी टोल	पैदल	०.५ कि.मि.	तेलहन	तरकारी (टमाटर)	लत्ताकपडा
	मिलनचोक	छोटे मिलन टोल, सोनपुर टोल	पैदल	१.५ कि.मि.	तेलहन		नुन, रासायनिक मल आदि वडा नं. १ को विभिन्न वस्तीहरुमा उक्त बजार क्षेत्रबाट जाने गर्दछ ।
	दुधरास चोक	गनारी, पोखरी	पैदल	१ कि.मि.	तेलहन		
	ठाटीगाउँ	झरना टोल	पैदल	५ कि.मि.	जडिबुटी		
	गनार हेल्थपोष्ट		पैदल	५ कि.मि.	अदुवा		
	कुमालगाउँ	शिवशक्ति टोल	पैदल	५ कि.मि.	टिमुर, काउलो		
२	तुलसीपुर	सबै वडाका बस्तीहरु	गाडी	७ कि.मि.	तरकारी, माछा, फलफुल		तुलसीपुर, घोराही, काठमाण्डौँ
	घोराही	सबै वडाका बस्तीहरु	गाडी	३१ कि.मि.	तरकारी, माछा, फलफुल		
३	तुलसीपुर	भट्टे, कालामा र गोगल डाडाँ	पैदल, ट्याक्सी, बस, ट्रक	५ देखी १५ कि.मि.	तरकारी, कुखुरा, अदुवा, खसी, दुध, घ्यू	दैनिक उपभोग्य वस्तुहरु	तुलसीपुर
	तुलसीपुर	थापापाती	पैदल, ट्याक्सी, बस, ट्रक	२० कि.मि.	अदुवा, खसी, दुध, घ्यू		तुलसीपुर
	तुलसीपुर	नाउला	पैदल, ट्याक्सी, बस,	१५ कि.मि.	अदुवा, खसी,		तुलसीपुर

			ट्रक		दुध, घ्यू		
	तुलसीपुर	अम्वास, डाडाखुट्टी, दमारगाउँ, गहते, राम्री, हरेवास	पैदल, ट्याक्सी, बस, ट्रक	५ देखी १४ कि.मि सम्म	अदुवा, खसी, दुध, घ्यू, अण्डा, तरकारी, खाद्यान्न		तुलसीपुर
४	तुलसीपुर	लामिदमाट, रक्षा चौर, खोद्र	गाडी, मोटरसाईकल	४ देखी २० कि.मि. सम्म	तरकारी, दुध, मह, घ्यू	मह, घ्यू, दालमोट	सल्यान, रुकुम
५	तुलसीपुर	वेलुवा, देघरे, डाँडापातु	टेम्पो	१० देखि २० मिनेट सम्म	तरकारी, दुध, दही	खाद्यान्न, लत्ताकपडा	सल्यान, रुकुम
६	तुलसीपुर	डुर्मिगाउँ, रजौरा, गाइडहर, गोठली गाउँ, कपडदिवि, गोलौरा, मोतीपुर, राजापुर, बनकट्टा, वसपार्क	बस, टेम्पो	१ कि.मि. देखी ४ कि.मि. सम्म	तरकारी, अण्डा, मासु, च्याउ, खाद्यान्न, फर्निचर सामग्री, कृषि जन्य सामग्री	दैनिक उपभोग्य सामान	
७	तुलसीपुर र हात्ति खौवा बजार	नयाँबस्ती, मातिपुर, खन्दर्पा, राजापुर, झुमरे, तमाखे, गैरापातु, डाडाँ पातु	बस, जिप, ट्याक्टर, अटो, मोटरसाईकल, साईकल	१ देखी २ कि.मि. सम्म	तरकारी, दाल, चामल, धान, मकै	तरकारी, कपडा, फलफुल, धान, मकै, गहुँ	
८	तुलसीपुर	नयाँबस्ती, दोगरे	बस, जिप, ट्याक्टर, अटो, मोटरसाईकल, साईकल	३ कि.मि.	दुध, दही, अन्नवाली, आलु	नुन, तेल, लत्ताकपडा, चामल, दाल, अन्य सामग्री	
९	तुलसीपुर	दोघरे, अमृतनगर, रामनगर, शिवपशुपति, पशुपति टोल, बसपार्क	पैदल, बस, जिप, ट्याक्टर, अटो, मोटरसाईकल, साईकल	३ कि.मि.	दुध, दही, मासु, फलफुल, तरकारी, अन्न, अण्डा, माटाका भाँडा, डोका, नाङला अदी	कपडा, आषधी, माछा, भाँडाकुडा, कपी, किताब, चिनी, चाउचाउ, तयारी प्याकिङ नुडल्सहरु	
	तुलसीपुर	वडा नं. ९ का	ट्याम्पो, बस,	२५ देखी ३०	तरकारी बिउ	चामल, सिमेन्ट,	सल्यान,

		वस्तीहरु	ट्याक्टर		विजन	छड, औषधी आदी	कपुरकोट
१०	तुलसीपुर	गौरीगाउँ, बन्गाउँ, गोलौरा, टरीगाउँ, राईखोलियान	मो.सा., सी.गी.	० देखी ३ कि.मि. सम्म	दुध, दही, अण्डा, तरकारी	नुन, रासायनिक विषदी, मल	गौरीगाउँ
११	तुलसीपुर	सुकौरा, मोतीपुर,	ट्याक्टर, ट्रक	१० कि.मि.	च्याउ, नुन, चिनी, टिन, सिमेन्ट	आलु, प्याज, खुर्सानी, काउली	
	घोराही	हस्ना, जस्पुर	ट्याक्टर, ट्रक	२४ कि.मि.	च्याउ, नुन, चिनी, टिन, सिमेन्ट	आलु, प्याज, खुर्सानी, काउली	
	लमही	हस्ना, जस्पुर	ट्याक्टर, ट्रक,	४८ कि.मि.	च्याउ, नुन, चिनी, टिन, सिमेन्ट	आलु, प्याज, खुर्सानी, काउली	
१२	तुलसीपुर	कपडादेवी, टरीगाउँ, रजेना, हरीपउरी, कैवापुर, जस्पुर	अटो रिक्सा, ट्क्सी, गाडी	१० मिनेट देखी १ घण्टम सम्म	दुध, दही, लसुन, आलु, टमाटर, प्याज, चामल, धान, मकै, गहुँ	कपडा, चिनी, कपी, कलम, साबुन, सलाई, चप्पल, औषधी	तुलसीपुर
१३	तुलसीपुर, घोराही	वरपरिया, दमारगाउँ, रनियाडर, बराखरी	गाडी, बस, सानो गाडी	१२ मिनेट देखी १ घण्टा सम्म	तरकारी, दुध, फलफुल, खाद्यवस्तु, मासु आदी	तरकारी, दुध, फलफुल, खाद्यवस्तु, मासु आदी	धनगढी, नेपालगञ्ज, काठमाण्डौ
१४	घोराही	जनकपुर, पहली, जितपुर, खौसापुर, डवकपुर	बस	१४ कि.मि.	कपडा, नुन, तयारी खाद्य वस्तु	दुध, अण्डा, तरकारी, खाद्यान्न	
	तुलसीपुर, नारायणपुर, खैरा	लुहाडवरा, डवाङ्गपुर, मटेरा, भोजपुर, गोठुवा, करङ्गा	बस	१४ कि.मि.	कपडा, नुन, तयारी खाद्य वस्तु	दुध, अण्डा, तरकारी, खाद्यान्न	
१५	तुलसीपुर	डोकेनी, रजेना, लहलौरा, डुम्रीगाउँ,	बस, अटो रिक्सा, ट्याक्सी	५ मिनेट देखी १ घण्टा सम्म	तरकारी, दुध, मासु, खाद्यान्न	दैनिक अत्यावस्यक वस्तु	

		भलवार				, तेल, नुन, छड, सिमेन्ट	
१६	तुलसीपुर, विजौरी	लक्षि, लहलौरा, मनपुर, मज्गै,डोक्रेना, सजनेवा, फचकलुवाँ, मजगाउँ	बस, अटो रिक्सा	तुलसीपुर २० मिनेट विजौरी २ घण्टा	तरकारी, दुध, दही, कुखुरा, धान, मसुरो, लसुन, प्याज	कपडा नुन, तृल, चिनी, मसला	तुलसीपुर
१७	विजौरी बजार	मानपुर, जिन्वा गाउँ, निम्वा, बनकट्टी	पैदल, अटो, बाईक	३० मिनेट	सिमेन्ट, छड, लत्ताकपडा, नुनतेल	धान, मकै, तोरी, गहुँ	घोराही, तुलसीपुर, नेपालगञ्ज
	दुधरास बजार	वघौसी, मंगरी, झिगै, बेलझुन्डी, मजगाउँ	पैदल, अटो, बाईक	३० मिनेट	सिमेन्ट, छड, लत्ताकपडा, नुनतेल	धान, मकै, तोरी, गहुँ	घोराही, तुलसीपुर, नेपालगञ्ज
१८	बिजौरी बजार	खोलीगाउँ, हेमन्तपुर, जैजरे	अटो बाईक, साईकल, पैदल	२ कि.मि. देखी ४ कि.मि. सम्म	दुध, मासुजन्य पशु, तरकारी नुन कपडा	ईटा, सिमेन्ट, दुध जन्य पदार्थ, तेल, धान गहुँ	पूर्व पश्चिम, मेची, महाकाली, घोराही, लमही, बुटवल, नेपालगञ्ज
	दुधरास बजार	अक्कासी, सातकुले, मनिकापुर	अटो, वाईक, साईकल, पैदल	२ कि.मि. देखी ४ कि.मि. सम्म	दुध, मासुजन्य पशु, तरकारी नुन कपडा	ईटा, सिमेन्ट, दुध जन्य पदार्थ, तेल, धान गहुँ	पूर्व पश्चिम, मेची, महाकाली, घोराही, लमही, बुटवल, नेपालगञ्ज
१९	विजौरी	वडाका सबै बस्ती	अटो रिक्सा, गाडी	५ कि.मि.	दुध, दही,अदुवा, काउली, टिमुर, दालचिनी, जडीबुटी	नुन तेल लत्ताकपडा	घोराही, तुलसीपुर

३.२ बजारिकरणका चुनौतीहरु:

गोष्ठीका सहभागिहरुको धारणा अनुसार हाल लघु उद्यमीहरुको ३० प्रतिशत जति सहजरुपमा वजारीकरण हुन सकेको छ भने वजारीकरणमा निम्न अनुसारका चुनौतीहरु रहेको पाईयो ।

- आवश्यक पूर्वाधार नहुनु जस्तै हाटबजार ।
- प्रचार प्रसार गर्न नसक्नु ।
- उत्पादन खरीद र बिक्रिकर्ता बीचको सम्बन्धको बिकास हुन नसक्नु ।
- सुरक्षित भण्डारण तथा चिस्यान केन्द्र नभएका कारणले खासगरी फलफूल तथा तरकारीका उद्यमीहरुले सस्तो मूल्यमा आफ्नो उत्पादन विक्रि गर्नुपर्ने भएको हुदा अपेक्षित लाभ प्राप्त गर्न नसकेको ।
- स्थानीय स्तरमा उत्पादित वस्तुको उपभोगमा आम उपभोक्ताको आकर्षण हुन नसक्नु ।
- स्थानीय उत्पादनको विषयमा प्रचार प्रसार हुन नसक्नु ।
- व्यवसायिक सोचका साथ उत्पादन नहुनु र उत्पादित बस्तुहरुको गुणस्तरले अन्य उस्तै सामान सँग प्रतिस्पर्धा गर्न नसक्नु ।
- उत्पादित बस्तुहरुको लेबलिङ्ग र प्याकेजिङ्गको उचित व्यवस्था गर्न नसक्नु ।
- उत्पादित वस्तुहरुको ग्रेडिङ नभै बजारमा पठाइने कारणले गर्दा उपभोक्ताहरु उत्पादन प्रति आकर्षित नहुनु ।
- वाली वीमाको उचित जानकारी नभएको कारण जोखिम मोलेर उत्पादन गर्नुपर्ने बाध्यता रहेको छ ।
- मूल्य बढी हुनु ।

३.३ श्रोत साधनको सम्भावना र उद्यम विकासका अवसरहरुको आँकलन

प्राय: लघु उद्यमहरु स्थानीय श्रोत साधन, सीप र बजार सम्भावनाका आधार स्थापना हुने भएका हुँदानीलकण्ठनगरपालिका भित्र के कति कुन प्रकारका श्रोत साधन उपलब्ध हुन सक्छन् र स्थानीय तहमा के कस्ता सीपहरु उपलब्ध छन् र बजार लगायत अन्य सम्भावनाहरु के छन् भनी पहिचान गर्नु यो श्रोत साधन सर्भेक्षणको मूल उद्देश्य हो । यसका निहित उद्देश्यहरु निम्न अनुसार छन्:

- छरिएर रहेका कृषि, वनपैदावार, पशु तथा धार्मिक तथा पर्यटकीय क्षेत्र जस्ता व्यवसायिक रुपमा उपलब्ध हुने श्रोत तथा साधनहरुको लिस्ट तैयार गर्ने, जसका आधारमा नयाँ उद्यमहरु स्थपनाका लागि आधार तैयार होस् ।
- अवसरको पर्खाईमा रहेका शिल्पीहरुको पचिान गर्ने, जसबाट आगामी दिनमा लघु उद्यमी स्थापनामा यिनीहरुलाई समेट्न सकियोस्।
- बजार सर्भेक्षणबाट स्थानीय तहको आर्थिक गतिविधिहरुको आँकलन गर्ने, जसबाट लघु उद्यमीहरुको उत्पादनको बजारमा स्थान सुनिश्चित गर्न सहयोग पुगोस् ।

नेपालका अधिकांस गाउँ तथा नगरका जनताको जीविकोपार्जको मूल श्रोत कृषि हो तर निर्वाहमुखि कृषि प्रणालीबाट गरीव तथा विपन्न बर्गको जिविकोपार्जनमा थप चुनौति वन्दै गएको छ । तसर्थ यस्ता कृषकहरुलाई व्यवसायिक कृषकको रुपमा रुपान्तरित गर्नु अनिवार्य भैसकेको छ । त्यसैगरी वन पैदावारमा आधारित श्रोत साधनलाई सुरक्षित दोहनका साथ दिगो उपयोग गरी वन तथा वातावरणको सही उपयोगबाट अधिकतम लाभ लिन सक्ने गरी यिनमा आधारित उद्यमहरुको विकास तथा परम्परागत सीप र प्रविधिलाई अधिकतम उपयोगको वातावरण तैयार गरी यस क्षेत्रको जिविकोपार्जन लघु उद्यमको माध्यमबाट थप सहज वनाउनु पर्ने खाँचो छ । त्यसैगरी स्थानीय स्तरमा रहेका कतिपय पर्यटनको सम्भावना भएका हाम्रा प्राकृतिक तथा धार्मिक सम्पदाहरु ओझेलमा परी वा त्यको उपयोगको सम्भावना पहिचान गर्न नसकी स्थानीयहरुले त्यसबाट लिन सक्ने फाईदा पनि लिन नसकिरहेको अवस्था छ । तसर्थ यस्ता सम्भावनाहरुलाई उजागर गर्नु पनि आवश्यक छ । यहि कारणले तुलसीपुर उप–महानगरपालिकाको श्रोत साधन र बजारको सर्भेक्षण गर्नु परेको हो ।

लघु उद्यम भनेको ज्यादै सानो लगानीमा संचालन गरिने उद्यमहरु हुन् जसमा सानान्यतया ज्यादै न्युन पूँजी भएका अति विपन्न वर्गका मानिसहरु तथा परंम्रागत सीप र प्रविधिको उपयोग गरी या स्थानीय स्तरमा विकास गर्न सकिने सीपमा आधार भै बढी मात्रामा संलग्न हुन्छन् । यस्ता उद्यमहरु बाह्य श्रोत साधनमा आधार भएर संचालन गर्न पूँजी, बजार, सीप तथा प्रविधिका आधारमा सम्भव हुँदैनन् ।

हाम्रो देशमा श्रोत साधनको अभाव भन्दा पनि भैरहेको श्रोत र साधनको पहिचान गर्न नसक्नु बढी समस्याको रुपमा देखिन्छ । लक्षित वर्गमा उद्यमशीलताको ज्ञानका अभावका अतिरिक्त छरिएर रहेकाश्रोत तथा साधनलाई एकत्रित गरी लघु उद्यमहरुको स्थापनाबाट अति गरिव तथा गरिव वर्गमा रोजगारी श्रृजना तथा आय बृद्धिमा जोड दिने सोचाईमा आधारित विकासको आयामलाई हालसम्म खासै महत्वको रुपमा नहेरिएको अवस्था छ । तसर्थ स्थानीय स्तरमा श्रोत साधन भएर, मनमा उत्साह भएर तथा हातमा सीप भएर तथा सीप हसिल गर्ने सम्भावना भएर पनि आफ्नो रोजगारी श्रृजना गर्न नसकी युवा पुस्ता गाउँनै खाली गरी विदेशिनु पर्ने बाध्यताको अवस्था छ । तसर्थ स्थानीय श्रोत साधन भनेको लघु उद्यमहरुको आधार भएको हुँदा तुलसीपुरउप–महानगरपालिकामा लघु उद्यमीको विकास गर्न यो श्रोत साधन सर्भेक्षण अति आवश्यक पर्न गएको हो ।

योजना तर्जुमा गोष्ठीबाट उपलब्ध सूचना तथा श्रोत सर्भेक्षणका आधारमा संक्षिप्तरुपमा हेर्दा यस तुलसीपुरउप–महानगरपालिकाका सम्पूर्ण वडाहरुमा कृषि,पशु र वन पैदावरमा आधारित कच्चा पदार्थहरू र पर्यटकीय स्थल तथा उपलब्ध सीप र प्रविधि निम्न टेबुलमा देखाईए अनुसार भएको पाईयो

टेवल ५: श्रोत साधनको सम्भावना र सम्भाब्य उद्यम आँकलन

टेबुल ५.१ कृषि पैदावार मा आधारित श्रोत साधनको सम्भावना र सम्भाव्य उद्यम आँकलन

स्थापनाका गर्न सकिने उद्यमका प्रकार र आधारहरु (श्रोत साधन, सीप, बजार आदि)

टेबल १: स्थापना गर्न सकिने **कृषिमा आधारित**उद्यमहरु र त्यसका आधारहरु

वडा.नं	स्थापना गर्न सकिने उद्यमहरु	संभावित संख्य	उद्यम स्थापना गर्न सकिने आधारहरु (श्रोत साधन, सीप, बजार माग आदि)	अनुमानित परिमाण
१	मौरी पालन	३	सामुदायिक वन मा चिउरी पर्याप्त भएको	
	बाखा पालन	५	घासे पहाड र डाले घाँस भएको, जंगल भएको	
	अदुवा खेती	१०	अदुवाको लागि उपयुक्त हावापानी भएको	
	वेसार खेती	२०	वेसारको लागि उपयुक्त हावापानी भएको	
	केरा खेती			
	धान खेती,			
	फलफुल खेती			
२	व्यवासायिक तरकारी खेती	५०	उर्वर जमिन, बजार व्यवस्था	
	तरकारीको बिउ उत्पादन गर्ने	३०	उर्वर जमिन, बजार व्यवस्था	
	धान मकै को बिउ उत्पालन गर्ने	१००	उर्वर जमिन, बजार व्यवस्था	
	व्यवसायिक फलफुल उत्पादन	६०	उर्वर जमिन, बजार व्यवस्था	
	कोल्ड स्टोरको व्यवस्था गर्ने	१	जमिन, बजार व्यवस्था	
	माछापालन गर्ने	१	पानीको व्यवस्था, बजार व्यवस्था	
३	व्यवसायिक तरकारी खेती	४० जना	सिचाँइ सुविधा, दक्ष कृषक	१० देखी १५ विघा
	मौरी पालन	२५ जना	आवश्यक महका श्रोत, चिउरी, तोरी आदी	५०० घार
	च्याउ खेती	५ जना	उपयुक्त हावापानी	
	माछा पालन	३ जना	खेतमा उपयुक्त ठाउँ	
	कागती खेती	२० जना	उपयुक्त माटो र बढ्दो माग	

	केरा खेती	२० जना	उपयुक्त माटो र बढ्दो माग	
	वृसार खेती	१० जना	उपयुक्त माटो र बढ्दो माग	
	वेसार प्रशोधन उद्योग	३ वटा	कृषकको उत्पादित वेसार प्रशोधन गर्न	
	मह प्रशोधन उद्योग	१ वटा	मह प्रशोधन गरी वजारीकरण गर्न	
	मसला प्रशोधन उद्योग	२ वटा	मसला प्रशोधन गरी वजारीकरण गर्न	
४	वेमौसमे तरकारी उद्यम	५० जना	सिचाँइ, जमिन	
	तरकारी उद्यम	२०० जना	सिचाँइ, जमिन, बजार	
	दालमोट उद्योग	२० जना	मेसीन उपलब्ध	
	टमाटर उत्पादन	८० जना	सिचाँई, जमिन	
	वेसार उद्यम	१०० जना	घाँस, जमिन, सिचाँइ	
	अदुवा उद्यम	१०० जना	जमिन सिचाँइ	
	च्याउ उद्यम	५० जना	मेसीन, टहरा, जनशक्ति	
५	केरा खेती	२० जना	उर्वर जमिन	
	माछा पालन	५० जना	पानीको श्रोत	
	तरकार्रा खेती	६० जना	सिचाँइ, उर्वर भूमी	
	च्याउ खेती	२० जना	ब्यवस्थापन गर्ने ठाउँ	
६	व्यवसायिक तरकारी खेती	१०० जना	बजार माग, उपयुक्त माटो	
	मौरी पालन	५ जना	महको बढ्दो माग	
	माछा पालन	५ जना	माछाको लागि उपयुक्त ठाउँ	
	मसला उद्योग	३ जना	मसलाको माग पूर्ति गर्न	
	वेसार खेती	२० जना	वेसारको लागि उपयुक्त ठाउँ	
	खुर्सानी खेती	२० जना	बजार माग बढी	
	व्यवसायिक आलु खेती	३० जना	बजार माग बढी	
	अदुवा खेती	२० जना	बजार माग बढी	
७	च्याउ खेती	१५० जना	तुल्सीपु बजार, प्रविधि र प्रसस्त उपयुक्त वातावरण	पराल काट्ने मेसिन ४ वटा
	तरकारी खेती	१५० जना	पानीको श्रोत, जमिन खेती योग्य	

	मौरी पालन	५० जना	जमिन, घार बनाउने सिकर्मी	
	बासँको मुढा	२५ जना	बासँ, जनशक्ति	
८	व्यवसायिक तरकारी खेती	८ वटा, सामुहिक २० जना	दक्ष कृषक, सिचाँइ सुविधा	
	माछा पालन	५ समुहका २५ जना	पानी प्रसस्त र माग	
	केरा खेती	२० जना	उपयुक्त हावापानी	
	च्याउ खेती	२० जना	उपयुक्त हावापानी	
	बेसार खेती	२० जना	उपयुक्त हावापानी	
९	व्यवसायिक तरकारी खेती	४ वटा समुह ४० जना	दक्ष कृषक, सिचाँइको व्यवस्था, आवश्यक पर्ने उर्वर माटो सहितको कृषिका लागि खेत बारी जमिन छ। बिक्रको लागि जमिन उपलब्ध छ। गोरु, रागाँ, ट्याक्टर बाट खेती गर्ने सकिन्छ	१० देखी १५ विघा जमिन
	फलफुल खेती	२ वटा समुह २० जना	जमिन प्रसस्त हुनु, पानीको उचित व्यवस्था हुनु, बजारमा बढ्दो माग	
	व्यवसायिक आलु खेती	३० जना	जमिन प्रसस्त हुनु, पानीको उचित व्यवस्था हुनु, बजारमा बढ्दो माग	
	च्याउ खेती	३० जना	जमिन प्रसस्त हुनु, पानीको उचित व्यवस्था हुनु, बजारमा बढ्दो माग	
	मसला वाली- बेसार, खुर्सानी, प्याज, लसुन	३० जना	जमिन प्रसस्त हुनु, पानीको उचित व्यवस्था हुनु, बजारमा बढ्दो माग	
१०	माछा पालन	९५	बजारको नजिक	
	मौरी पालन			
	गाँई पालन			
	कुखुरा पालन	५००० ल्यर्स		
	तरकारी खेती	१००		
	फलफुल खेती			

११	व्यवसायिक तरकारी खेती	१०० जना	उर्वर जमिन, वजार नजिक	
	तरकारी बिउ उत्पादन	१०० जना	जमिन र सिचाँइ राम्रो	
	धान, मकै बिउ उत्पादन	१५० जना	जमिन र सिचाँइ राम्रो	
	च्याउ खेती	५० जना	जमिन र सिचाँइ राम्रो	
	तरकारी पकेट क्षेत्र	५० जना	मोतीपुर, हस्ना बजार , जमिन र सिचाँइ राम्रो	
१२	तरकारी, गहुँ, धान खेती	२००	उब्जाउ जमिन , सिचाँइ सुविधा	
	तोरी खेती	१००	उब्जाउ जमिन , सिचाँइ सुविधा	
	मसुरो प्रशोधन र प्याकेजिङ	३०	उब्जाउ जमिन , सिचाँइ सुविधा	
	लसुन, खुर्सानी उत्पादन	१००	उब्जाउ जमिन , सिचाँइ सुविधा	
	च्याउ उत्पादन	१०	उब्जाउ जमिन , सिचाँइ सुविधा	
	केरा उत्पादन	५०	उब्जाउ जमिन , सिचाँइ सुविधा	
१३	तरकारी खेती	२० जना	उर्वर जमिन, सिचाँइ सुविधा, बजार पायक पर्ने आदि	
	च्याउ खेती	१५ जना	भाउ राम्र, बजार नजिक	
	आलु खेती	१० जना	उर्वर जमिन, सिचाँइ सुविधा, बजार पायक पर्ने आदि	
	खुर्सानी खेती	१० जना	उर्वर जमिन, सिचाँइ सुविधा, बजार पायक पर्ने आदि	
	केरा खेती	५ जना	उर्वर जमिन, सिचाँइ सुविधा, बजार पायक पर्ने , हावापानी राम्रो आदि	
१४	व्यवसायिक तरकारी खेती, पकेट	१०० जना	सिचाँइ भएको हाल बेचविखन भईरहेको	
	व्यवसायिक मकै, धानको विउ उत्पादन पकेट	१०० जना	प्रसस्त जमिनको व्यवस्थार र चुरे पहाड बाट सटेको ले एकान्त ठाउँ भएकोले प्रयोगसेसनको कमि भएको	
	व्यवसायिक तरकारी को विउ	१०० जना	प्रसस्त जमिनको व्यवस्थार र चुरे पहाड	

	उत्पालन		बाट सटेको ले एकान्त ठाउँ भएकोले प्रयोगसेसनको कमि भएको	
	माछा, मौरी पालन	१०० जना	चुरे पहाडको नजिक पर्ने	
	दालमोट, चिप्स, चाउमिन उद्योग	३ वटा	चुरे पहाडको नजिक पर्ने	
	अर्गानिक तरकारी खेती	५० जना	चुरे पहाडको नजिक पर्ने	
१५	तरकारी खेती फर्म	५०	तरकारी खेती भईरहेको , बजारको माग अत्याधिक भएको	
	माछापालन फर्म	५	माछा पालन भईरहेको र बजार माग पनि भएको र संभावना पनि सबैको	
	व्यवसायिक आलु खेती	५	उर्वर जमिन र बजार माग	
	केरा खेती	२५	उर्वर जमिन र बजार माग	
	आलु चिप्स उद्योग	२	आलु उत्पादन	
१६	तरकारी खेती	२०० जना	सिचाँइ, उर्वर भूमि, वजारको माग	
	मकै, गहुँ, आलु खेती	१०० जना	सिचाँइ, उर्वर भूमि, वजारको माग	
	लसुन खेती	२० जना	सिचाँइ, उर्वर भूमि, वजारको माग	
	च्याउ खेती	३० जना	सिचाँइ, उर्वर भूमि, वजारको माग	
	प्याज खेती	३० जना	सिचाँइ, उर्वर भूमि, वजारको माग	
	मसुरो खेती	२०० जना	सिचाँइ, उर्वर भूमि, वजारको माग	
१७	बिउ, आलु उत्पादन खेती, व्यवसायिक बिउ मकै खेती, बिउ तोरी खेती	५० जना	उर्वर भूमी, सिचाँई सुविधा, विउ विजनको उपलब्धता	
	माछा पालन	१० जना	पानीको राम्रो व्यवस्थाक	
१८	व्यवसायिक तरकारी खेती, आलु खेती, च्याउ खेती	५ जना	गाइबस्तुको मल, स्उला सोत्तर श्रोतमा पर्दछ भने, साधन र श्रोत पनि छ अनि कृषिमा अर्गानिक खेतीको माग बढीरहेको छ ।	
	दाना उद्योग	१०० जना	मकै, गहुँ, अन्य दानाजन्य पदार्थ उत्पादन	

			गर्न सकिने भएकोले श्रोत जुटाउन सकिन्छ, साधन पनि छ, कुखुरा बंगुर, गाई, भैसी आदिको व्यवसाय फस्टाउदै गएकाले यसको माग पनि बढ्ने संभावना छ ।	
	दुध डेरी निर्माण	१५ जना	श्रोत साधन, सीप र बजार माग प्रसस्त छ	
	आर्युवेदिक औषधी तयार गर्ने उद्योग	२० जना	जडीबुटी खेती गर्न प्रसस्त जमिन छ । यसो गर्न सकेमा श्रोत जुट्छ। साधन र सिप जुटाउन सकिन्छ, बजारको माग तिब्र रुपमा वृद्धि हुदैछ ।	
१९	धान, मकै, तोरी,	५०० जना	ज्यामि, कृषक	
	गँहु, काउली, आलु	२०० जना	मेसीन, औजार	
	भान्टा, खुर्सानी,	५० जना	विउ, किटनासक	
	दाना, लसुन, धनियाँ	५० जना	औषधी, सिचाँइ	
	अदुवा	५० जना	मलखाद कम्पोष्ट	
	पाचँऔले, काफल, चोत्रा दालचिनी, चीउरा	५० जना	मल, टहरो निर्माण लगाएतका कामहरु, प्रविधि	
	च्याउ खेती, अन्य तरकारीहरु	१०० जना	ज्ञान सुचनाका लागि तथा बजारको पर्याप्त संभावना	

टेबल २: स्थापना गर्न सकिने **पशु पैदावारमा आधारित**उद्यमहरु र त्यसका आधारहरु

वडा.नं	**स्थापना गर्न सकिने उद्यमहरु**	**संभावित संख्य**	**उद्यम स्थापना गर्न सकिने आधारहरु (श्रोत साधन, सीप, बजार माग आदि)**	**अनुमानित परिमाण**
१	बाख पालन	२	पर्याप्त घाँसे, डालेघास भएको, जंगल	
	डेरी उद्योग संचालन		कृषकहरुबाट पर्याप्त दुध संकलन हुने	
	पनीर उत्पादन			
	छुर्पी उत्पादन			

	घ्यू उत्पादन			
२	भैसी फर्म दर्ता गर्ने	१५ जना	घासँ व्यवस्था, बजार व्यवस्था	
	गाई फर्म दर्ता गर्ने	४ जना	घासँ व्यवस्था, बजार व्यवस्था	
	डेरी उद्योग दर्ता गर्ने	२ जना	घासँ व्यवस्था, बजार व्यवस्था	
	कुखुरा फर्म दर्ता गर्ने	५ जना	घासँ व्यवस्था, बजार व्यवस्था	
	बाख्र फर्म दर्ता गर्ने	१० जना	घासँ व्यवस्था, बजार व्यवस्था	
	कुखुरा हेचरी दर्ता गर्ने	३ जना	घासँ व्यवस्था, बजार व्यवस्था	
	टर्की चरा व्यवसायिक गर्ने	५ जना	घासँ व्यवस्था, बजार व्यवस्था	
३	दुध संकलन केन्द्र	५ ठाउँ	पर्याप्त भैसी पालन भएको	५०० बाख्रा
	बाख्र पालन	१० फर्म	पर्याप्त चरीचरण र वजार राम्रो	
	डेरी जन्य उद्योग	५ वटा	बढ्दो माग पुर्ति गर्न	
	भैसीपालन	१० फर्म	बढ्दो दुग्ध सामर्गीको माग पूर्ती गर्न	
	वंगुर पालन	१० फर्म	बजारको माग अनुसारको आपुर्ति गर्न	
	कुखुरा पालन	१०० फर्म	बजारको माग अनुसारको आपुर्ति गर्न	
	गाईपालन	१० फर्म	बजारको माग अनुसारको आपुर्ति गर्न	
	घासँ उत्पादन	२० जना	बजारको माग अनुसारको आपुर्ति गर्न	
	आधुनिक फ्रेस हाउस	२० ठाउँ	बजारको माग अनुसारको आपुर्ति गर्न	
४	कुखुरा पालन	२०० जना	फर्म, जग्गा, पानी	
	पशुपालन	१०० जना	घासँ, पानी, दाना	
	भैसी पालन	५० जना	घासँ, पानी, दाना	
	बाखा पालन	५०० जना	घासँ, पानी, दाना	
	माछा पालन	२० जना	दाना, पानी पोखरी	
	वंगुर पालन	१०० जना	फर्म सफा, दाना, पानि, जमिन	
	मौरी पालन	१०० जना	फुलहरु, वातावरण अनुकुल	
५	कुखुरा पालन	५०	उचित खोर, दाना	
	बाखा पालन	२०	डाले घाँस	
	गाई पालन	१०	घाँस, कुडो, दाना	

	डेरी पसल	२०	फ्रीज, भण्डारण गर्ने ठाउँ	
	घासँको विउ उत्पादन	२०	उचित जमिन	
	रेशम किरा उत्पादन	१०	जंगल	
६	व्यवसायिक गाई पालन	३ वटा फर्म	दुधको माग पूर्ति गर्न	
	भैसी पालन	३ वटा फर्म	दुधको माग पूर्ति गर्न	
	दुध संकलन केन्द्र	२ वटा	दुध संकलन गरी वितरण	
	बाख्रा पालन	५ वटा फर्म	मासुको अत्याधिक माग	
	वंगुर पालन	३ वटा फर्म	मासुको अत्याधिक माग	
	कुखुरा पालन	५ वटा फर्म	मासुको अत्याधिक माग र अण्डा उत्पादन	
	व्यवसायिक घाँस	३ वटा फर्म	मासुको अत्याधिक माग र अण्डा उत्पादन	
	डेरी उद्योग	२ वटा	डेरी जन्य पदार्थ उत्पादन	
७	कुखुरा पालन	१४०	जमिन, घर, जनशक्ति	
	बाख्र पालन	१५०	जमिन, घर, जनशक्ति	
	वंगुर पालन	२००	जमिन, घर, जनशक्ति	
	माछा पालन	५०	पानीको श्रोत, जमिन, पोखरी	
८	दुध संकलन केन्द्र	४ वटा समुह ४० जना	बढ्दो व्यवसायिक पशुपालन	
	डेरी जन्य उद्योग	४० जना	बजार मागलाई आपूर्ति गर्न	
	बाख्रपालन	१० जना	प्रसस्त मात्रामा चरन क्षेत्र भएको, वन जंगल भएको	
	मौरीपालन	५ जना	प्रसस्त मात्रामा चरन क्षेत्र भएको, वन जंगल भएका	
	कुखुरापालन	२५ जना	प्रसस्त मात्रामा चरन क्षेत्र भएको, दानाको उपलब्धता	
९	दुध संकलन केन्द्र	२ वटा	बढ्दो व्यवसायिक पशुपालन	
	डेरी जन्य उद्योग	३ वटा	बजार मागलाई आपूर्ति गर्न	
	बाख्रपालन	१० जना	प्रसस्त मात्रामा चरन क्षेत्र भएको, वन	

			जंगल भएको	
	गाई, भैसी पालन	४० जना	चाखिने दाना, पराल, डाले घाँस प्रसस्त हुनु, बजारमा दुध जन्य पदार्थको बढ्दो माग	
	कुखुरापालन	२५ जना	प्रसस्त मात्रामा चरन क्षेत्र भएको, दानाको उपलब्धता	
१०				
११	भैसी पालन	२० जना	घाँस, दाना, पानी र बजार नजिक	
	गाई पालन	२५ जना	घाँस, दाना, पानी र बजार नजिक	
	बाखा पालन	५० जना	घाँस, दाना, पानी र बजार नजिक	
	बंगुर पालन	१०० जना	घाँस, दाना, पानी र बजार नजिक	
	कुखुरा पालन	५० जना	घाँस, दाना, पानी र बजार नजिक	
	माछा पालन	२० जना	पानीको व्यवस्था राम्रो भएको	
१२	गाई पालन	२५ जना	गौचरन	
	वंगुर पालन	२५ जना	बजार	
